# आर्थिक वर्ष २०७५/७६

# को

# वार्षिक नीति तथा कार्यक्रम

नलगाड नगरपालिका

नगर कार्यपालिकाको कार्यालय

दल्ली, जाजरकोट

कर्णाली प्रदेश, नेपाल

समृद्ध र सफा नगर, दिगो विकास र सुशासनको लहर

नलगाड नगरपालिकाको नगर सभाको बैठकमा २०७५ साल असार १० गते

आईतवार नगर प्रमुख श्री टेक बहादुर रावलले

प्रस्तुत गर्नु भएको

# आर्थिक वर्ष २०७५/७६ को

# वार्षिक नीति तथा कार्यक्रम

नलगाड नगरपालिका

नगर कार्यपालिकाको कार्यालय

दल्ली, जाजरकोट

कर्णाली प्रदेश, नेपाल

समृद्ध र सफा नगर, दिगो विकास र सुशासनको लहर

१. नेपालको संविधान जारी भए पश्चात नलगाड नगरपालिकाको आर्थिक वर्ष २०७५/७६ को नीति तथा कार्यक्रम यस नगर सभामा प्रस्तुत गर्न पाउदा मलाई खुसी लागेको छ । यसै अवसरमा नेपालको संघिय लोकतान्त्रिक गणतन्त्रका लागि नेपाली जनताले पटक पटक गर्दै आएको ऐतिहासिक जनआन्दोलन, सशस्त्र आन्दोलनको स्मरण गर्न चाहान्छु । संघीय लोकतान्त्रिक गणतन्त्र स्थापनार्थ शहादत प्राप्त गर्ने आदरणीय महान शहिदहरुको त्याग र बलिदानको उच्च सम्मान गर्दछु र यसक्रममा घाईते, बेपत्ता, अपाङ्ग तथा विस्थापितहरुको योगदानको कदर गर्दछु ।

२. संविधान सभाबाट नेपालको संविधान जारी भएसंगै लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्था, बहुलबाद, सामाजिक न्यायसहितको समानुपातिक समावेशी प्रतिनिधिमुलक व्यवस्था, मौलिक अधिकार, नागरिक स्वतन्त्रता, धर्म निरपेक्षताजस्ता महत्वपुर्ण उपलब्धीहरु संस्थागत भएका छन । यो स्थानीय सरकार नेपाली जनताको त्याग, वलिदान र लामो संङ्घर्षको उपलब्धि हो । राष्ट्रलाई युगान्तकारी मोडमा ल्याउने क्रममा जनताले गर्नु परेको त्याग, वलिदान र व्यहोर्नु परेको दुःख कष्टको पूर्ण सम्मान गर्दै लोकतन्त्रको रक्षा, सुदृढिकरण र सही प्रयोगमा स्थानीय सरकार अडिग रहने छ ।

३. **"समृद्ध र सफा नगर, दिगो विकास र सुशासनको लहर"** हाम्रो दिर्घकालिन लक्ष्य हुनेछ । यस सरकारका कार्यहरुको केन्द्रविन्दु आम नागरिक हुनेछन । सवैलाई समान अवसर, समान अधिकार, उत्तिकै सम्मानको प्रत्याभुति गरिनेछ । राष्ट्रियता, लोकतन्त्र, शान्ति सुरक्षा, विकास निर्माण, सुशासन र समृद्धिका क्षेत्रमा सहमतिका साथ अघि वढ्न सरकार प्रतिवद्ध छ । यी सवै प्रतिवद्धताहरु पूरा गर्नको लागि स्थानीय सरकार सम्पूर्ण राजनितिक दल तथा सरोकारवालाको साथ र सहकार्यको लागि आव्हान गर्दछ ।

४. यस नगरपालिकाका नीतिहरु प्रगतिशिल र नवप्रर्वद्धनलाई प्रोत्साहन गर्ने किसिमका हुनेछन । विकास र सेवा प्रवाहलाई सहजीकरण गर्न अपूर्ण नीति तथा कानुनलाई पूर्णता दिईनेछ । आवश्यकता अनुसार नयाँ नीति तथा कानुन निर्माण गरिनेछ । नगरपालिका भित्र उपलव्ध भएका र कम प्रयोग भएका स्रोतसाधनको कुशलतापूर्वक परिचालन गरिनेछ ।

५. नलगाड नगरपालिकाको विकासमा प्रत्यक्ष प्रभाव पार्ने विकासका भौतिक पूर्वाधारहरु सडक यातायात, उर्जा, सिंचाई, खानेपानी जस्ता योजनाहरुको विकासको लागि प्राथमिकताक्रम निर्धारण गरि योजना तर्जुमा गरिने छ । नगरपालिकाका केही स्थानहरुमा बसपार्क स्थापना गरि सञ्चालनमा ल्याईनेछ । स्थानीय जनताको आवश्यकता अनुरुप विकास आयोजनाहरुको छनौट गरिनेछ ।

६.अति विपन्न र द्वन्द्वपीडितको जीवन रक्षाको विषयलाई उच्च प्राथमिकता दिँदै नगरपालिकाको प्रत्येक वडाहरुमा नमुना वस्ती विकास कार्यक्रमको रुपमा केही बस्तीहरुको छनौट गरि विकास गरिनेछ । यस नगरपालिका भित्र सडकको पहुँच कायम हुन नसकेका वडा कार्यालयहरुमा स्थानीय

सडक सञ्जालको पहुचँ स्थापना गर्न विशेष जोड दिईनेछ । निर्माण सम्पन्न भएका स्थानीय सडकहरुको स्तरोन्नती गरिनेछ । साथै नलगाड नगरपालिकाको विभिन्न स्थानहरुमा ट्रस ब्रिज, झोलुंगे पुल निर्माणको लागि विभिन्न सरकारी तथा गैरसरकारी निकायहरुसंग सहकार्य र समन्वय गरि अगाडी बढिनेछ ।

७. यस नगरपालिकाको बजेट विनियोजन गर्दा संघीय सरकार र कर्णाली प्रदेश सरकारले निर्दिष्ट गरेका लक्ष्यहरु हासिल गर्ने गरि योजना तथा कार्यकमहरुको प्राथमिकता तय गरिनेछ । योजना तथा कार्यक्रमको कार्यान्वयनमा स्थानीय जनताको जनसहभागिता अभिवृद्धिमा जोड दिईनेछ र यस क्षेत्रको सामाजिक आर्थिक विकासमा इतिहास देखि योगदान पुऱ्याउने व्यक्तित्वको सम्मान र स्मरणमा पुरस्कार,छात्रवृत्ति तथा गुठी स्थापना गरिनेछ ।

८. **"नलगाडको पानी, नागरिकको लगानी"** भन्ने उद्घोषको साथ स्थानीय स्तरमा लघु जलविद्युत आयोजनाहरुको निर्माण गरि उज्यालो अभियान नलगाडको नारालाई सार्थक रुप दिन पहल गरिनेछ । लघु जलविद्युत आयोजनाहरुको सव स्टेशन निर्माण गरिनेछ । ४१० मेगावाटको नलसिंङगाढ जलविद्युत आयोजनाको तीव्र निर्माणको लागि नेपाल सरकार र प्रदेश सरकारसंग अनुरोध गरिनेछ । उज्यालो नेपाल अभियानलाई प्रभावकारी रुपमा कार्यान्वयन गर्न विद्युत क्षेत्रको विकास र विस्तार गरिनेछ । यस क्षेत्रमा हुने विद्युत चुहावट नियन्त्रण गरिनेछ ।

९. **"स्वच्छ र सफा पानी, नलगाडबासीको जीन्दगानी"** भन्ने उद्घोषलाई मध्यनजर गरि नगरपालिकाको सवै वडाहरुमा खानेपानीको सहज पहुँच हुनेछ । खानेपानीको मुहान संरक्षण, भूमिगत स्रोतको दोहन नियन्त्रण र बर्षातको पानी संकलन गरी खानेपानीको स्रोत बृद्धि गरिनेछ । आवश्यकता अनुसार लिफ्ट प्रविधि र ठुला खानेपानी आयोजना संचालन गरिनेछ ।

१०) **"अर्गानिक खेतिमा जोड, नलगाडको अठोट"** भन्ने नारालाई साकार तुल्याउन स्थानीय रैथाने प्रकारका कृषि वाली तथा पशुपंक्षीको उचित संरक्षण र प्रर्वद्धन गर्दै अर्गानिक उत्पादन र यस क्षेत्रको उत्पादकत्व वृद्धिको लागि नलगाड अर्गानिक कृषि कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

११) यस नगरपालिकाको विभिन्न वडाहरुको विभिन्न क्षेत्रहरुलाई कृषि, फलफुल, मौरीपालन लगायत अन्य विविध तवरले पकेट, ब्लक र जोनको रुपमा विकास गर्न **नलगाड विशेष कृषि विकास कार्यक्रम** तर्जुमा गरि कार्यान्वयन गरिनेछ ।

१२) अर्गानिक कृषि उत्पादनको प्रर्वद्धन, विकास र कृषिलाई आधुनिकीकरण गर्दै रोजगारी सिर्जना गर्नको लागि कृषि औजार उपकरणहरुको व्यवस्था गरिनेछ । नगरस्तरमा कृषि विउविजन, जैविक विषादीको उत्पादनमा प्राथमिकता दिईनेछ । व्यावशायिक खेती गर्ने कृषकहरुलाई अनुदानको व्यवस्था गरिनेछ । तन्तु प्रशारणबाट नर्सरी उत्पादन गर्ने कृषकलाई थप अनुदानको व्यवस्था

गरिनेछ । विभिन्न वडाहरुमा वाली उपचार शिविर सञ्चालन गरि कार्यान्वयन गरिनेछ । स्थानीय सरकार र अन्य साझेदार निकायको समन्वय र साझेदारमा स्थलगत माटो परीक्षण गरि माटो सुहाउदो कृषि उत्पादनलाई जोड दिईनेछ ।

१३. कृषिमा आत्मनिर्भर हुने खालका नीति तथा कार्यक्रमहरु तय गरिनेछ । आर्थिक तथा सामाजिक रुपले पछि परेका कृषक केन्द्रित कार्यक्रमहरु सञ्चालन गरिनेछ । कृषकको कृषि उपजहरुको बजार सुनिश्चित गर्नको लागि कृषि हाटबजार, कृषि उपज संकलन केन्द्र तथा शीत भण्डारको विकास र स्थापनामा जोड दिईनेछ । स्याउ, सुन्तला, कागती, आँप लगायतका फलफूलको नर्सरी र एग्रोभेटको स्थापनामा जोड दिईनेछ । **नगर प्रमुख कृषि पुरस्कार**को स्थापना गरि उत्कृष्ट कृषक, कृषक समुह, कृषि फर्म र सहकारी संस्थालाई पुरस्कृत गरिनेछ ।

१४. पशुहरुको कृतिम गर्भाधान प्रणालीमा जोड दिदै पशु नश्ल सुधार कार्यक्रम सञ्चालन गरिनेछ । नगरपालिकाको विभिन्न वडाहरुमा पशु स्वास्थ्य शिविर सञ्चालन गरिनेछ । स्वच्छ र गुणस्तरिय माछा, मासु, अण्डा र दुग्ध पर्दाथको उत्पादन, प्रशोधन, भण्डारण र बजारीकरणमा जोड दिईनेछ ।

१५. कृषियोग्य भूमिको खण्डीकरण र अतिक्रमण रोकिनेछ । करार र सामुहिक खेतिलाई प्रोत्साहन गरिनेछ । कृषि उपजहरुको निर्यात वृद्धि गर्ने निति अवलम्वन गरिनेछ । कुषि उत्पादनको वहु उपयोग हुने गरी उत्पादन विधिकरण र मूल्य शृङ्खला विस्तार गरिनेछ । निर्यातयोग्य उच्च मूल्यका कृषि उपजहरुको खेतिहरुलाई प्रोत्साहन गरिनेछ । अर्गानिक नगरपालिका वनाउन कृषि उपजहरुको अर्गानिक उत्पादन गर्न अभियान तत्काल सुरु गरिनेछ । कृषकहरुलाई कृषि तथा पशुपंक्षि सम्बन्धि प्राविधिक ज्ञान तथा सिप प्रदान गर्न तालिमको व्यवस्था गरिनेछ । कृषि उत्पादनका साधनहरुको उपलब्धता, उत्पादन, सञ्चय, विक्रि वितरण र मूल्यको अनुगमन एवं नियमन गरिनेछ ।

१६. **"गाउँ गाउँमा सहकारी, घर-घरमा भकारी"**को नारालाई सार्थक तुल्याउन सहकारी नमुना गाउँ कार्यक्रम सञ्चालन गरि उक्त गाउँलाई पर्यटन केन्द्रको रुपमा विकास गरिनेछ । वैदेशिक रोजगारीबाट फर्केका युवाहरुलाई लक्षित गरि स्वरोजगारमुलक कृषि/पशु लगायत अन्य क्षेत्रमा आवद्ध गराउनका लागि तालिम तथा अनुदानको व्यवस्था गरिनेछ ।

१७. जलवायु परिवर्तन न्यूनिकरण तथा अनुकूलनका कार्यक्रमहरु संचालन गरिनेछन । जैविक विविधताको संरक्षण गरिनेछ । वातावरण संरक्षण र व्यस्थापन, भू क्षय नियन्त्रण र नदि मुहान तथा किनारा संरक्षण गरिनेछ । नलगाड तथा ठुलो भेरी नदिका आसपासका क्षेत्रहरुको सरसफाईमा विशेष ध्यान दिईनेछ । यी क्षेत्रमा फोहर जन्य क्रियाकलाप गर्ने सवैलाई दण्डित गरिनेछ ।

१८. वनको समुचित व्यवस्थापन गरि यसको उपयोग र संरक्षणमा जोड दिईनेछ । वातावरण संरक्षण तथा वृक्षारोपन कार्यक्रम संचालन गरि वातावरणमैत्री क्रियाकलापमा जोड दिईनेछ । वनको अतिक्रमणमा नियन्त्रण गरिनेछ ।

१९. स्थानीय स्तरमा लोपोन्मुख पशुपंक्षी संरक्षणमा विशेष जोड दिईनेछ । रेडपाण्डा, कस्तुरी, डाँफे, चिरकालिज, मुनाल, सुन गिद्ध, हाडे गिद्ध, सेतो गिद्ध लगायत अन्य पशुपंक्षीको संरक्षण र सर्म्वद्धन गर्न नीतिगत तथा कानुनी व्यवस्था गरिनेछ ।

२०. वातावरणमैत्री क्रियाकलापमा जोड दिई एक व्यक्ति दुई विरुवा रोप्ने नीतिलाई प्रोत्साहन गर्न **भावी सन्ततिलाई विरुवा उपहार कार्यक्रम** अर्न्तगत जन्म, मृत्यु, विवाह जस्ता सामाजिक, सांस्कृतिक कार्यहरुमा वृक्षारोपन गरि वन र वातावरण संरक्षण र संम्वर्द्धन गर्न विशेष पहल गरिने र सडकहरुलाई हरित सडकको अवधारणा लागु गरिने छ ।

२१. यस नगरपालिका भित्र सञ्चालित विद्यालय, सामाजिक संघसंस्था, समुह लगायत अन्य निकायबाट वृक्षारोपन गरि हरियाली नगरको रुपमा विकास गर्ने र नगरको सरसफाई अभियानलाई निरन्तरता दिन विभिन्न कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

२२. निरक्षरता उन्मुलन, सामाजिक भेदभाव विरुद्ध जनचेतना अभियान, वृक्षारोपन र वातावरण संरक्षण जस्ता अभियानहरु संचालन गर्न युवा सञ्जाल निर्माण गरि परिचालन गरिनेछ ।

२३. ढुगां गिटि र वालुवाको उत्खनन तथा प्राकृतिक सम्पदाको दोहनबाट वातावरणमा परेको असर कम गर्न नीतिगत र कानुनी व्यवस्था मिलाईनेछ ।

२४. उपभोक्ता हित संरक्षण गर्न स्थानीय उद्योग व्यापार संघको सहकार्यमा बजार अनुगमन गरि बजारलाई नियमित र व्यवस्थित गर्न उपभोक्ता जागरण अभियानका कार्यक्रमहरु सञ्चालन गरिनेछ । स्थानीय व्यापारलाई प्रोत्साहन गर्न स्थानीय व्यवशायीहरुसंग समन्वय गरि व्यापार सम्वन्धि नीति तथा कानुन बनाई कार्यान्वयन गरिनेछ ।

२५. नलगाड नगरपालिकाको विभिन्न क्षेत्रहरुमा बाढी, पहिरो र नदी कटान नियन्त्रण गरी तटवन्ध निर्माण गर्न आवश्यक व्यवस्था गरिनेछ । प्राकृतिक तथा गैर प्राकृतिक प्रकोप तथा विपतबाट नागरिकहरुलाई राहत उपलव्ध गराउन नगरपालिकामा **विपत व्यवस्थापन कोष** स्थापना गरि सञ्चालन गरिनेछ । विपत व्यवस्थापनको पूर्व तयारी गरिनेछ । हिमपात, बाढिपहिरो, डुवान तथा आगलागिका समयमा न्यूनतम सेवाको अभावमा अकालमा ज्यान गुमाउनु पर्ने अवस्थाको अन्त्य गरिनेछ ।

२६. पर्यटन क्षेत्रको प्रर्वद्धन गर्न स्थानिय स्तरमा रहेका पर्यटकिय, धार्मिक तथा सांस्कृतिक सम्पदाहरुको विकास, विस्तार र व्यवस्थित गरि प्रचार प्रसार गरिनेछ । स्थानीय स्तरका लोपोन्मुख जाति, आदिवासी, जनजातिको भाषा, संस्कृति र धर्मको संरक्षण र विकासमा जोड दिईनेछ ।

२७. **"गुणस्तर शिक्षा, नलगाडबासीको ईच्छा"** भन्ने उद्घोषलाई आत्मसाथ गरि यस नलगाड नगरपालिकामा सञ्चालित नमुना विद्यालयहरुलाई भौतिक श्रोत साधनले सम्पन्न बनाईने छ । शिक्षाको गुणस्तर अभिवृद्धि गर्न शिक्षक, अभिभावक तथा विद्यार्थीबीच त्रिपक्षिय अर्न्तक्रिया कार्यक्रम सञ्चालन गरिनेछ र शिक्षकहरुको क्षमता अभिवृद्धि गर्न विभिन्न तालिमहरुको व्यवस्था गरिनेछ ।

२८. मानविय क्षमता विकास गर्न नगरपालिकाबाट वडा तथा बस्तीहरुमा गुणस्तरीय शिक्षा, सिप विकास, स्वास्थ्य, खानेपानी तथा सरसफाईमा लगानी बृद्धि गरिनेछ । निजि र सामूदायिक क्षेत्रलाई समेत यी क्षेत्रमा लगानी बढाउन उत्प्रेरीत गरिनेछ । आधारभूत शिक्षा अनिवार्य र निःशुल्क गरिनेछ । विद्यालय पढने उमेरका सबै बालबालीकालाई विद्यालय भर्ना गर्ने कार्यलाई प्रत्येक बर्ष अभियानको रुपमा अगाडि बढाईनेछ । यसै शैक्षिक सत्र देखि कक्षा १ मा भर्ना भएका सबै बिद्यार्थिले माध्यामिक शिक्षा पुरा गर्ने व्यवस्था मिलाईनेछ ।

२९. बिद्यालय छाडने कारणबारे अध्ययन तथा अनुसन्धान गरी सुधारका कार्यक्रम संञ्चालन गरिनेछ । औपचारीक शिक्षा छाडेका बिद्यालय पढने उमेरकालाई विद्यालय फर्काउन र विद्यालय पढने उमेर नाघेकालाई प्राविधिक र व्यवशायीक सिप प्रदान गरिनेछ । शिक्षामा निजी लगानीको नियमन गरी शैक्षिक क्षेत्रमा रहेको विषमता हटाईनेछ । प्रत्येक विद्यालयलाई बालमैत्री विद्यालयको रुपमा विकास गर्नेगरी विद्यालयको पूर्वाधार विकास गरिनेछ ।

३०. जोखिममा परेका टुहुरा, अनाथ, असहाय वालवालिकाहरुको अध्ययन प्रोत्साहनको लागि **बाल कल्याण कोष** स्थापना गरि सञ्चालन गरिनेछ ।

३१. नगरपालिकाका केही स्वास्थ्य संस्थाहरुलाई नमुना स्वास्थ्य संस्थाको रुपमा विकास गरिनेछ । स्वास्थ्य संस्थाहरुको सेवा प्रवाहलाई प्रभावकारी बनाउन स्वास्थ्य संस्थाहरुमा उपकरण औजार र पर्याप्त औषधीहरुको व्यवस्था गरिनेछ । जनतालाई स्थानीय स्तरबाट स्वास्थ्य सेवा प्रदान गर्न योग शिविर लगायत विभिन्न स्वास्थ्य शिविरहरु सञ्चालन गरिनेछ ।

३२. सुनौला हजार दिनको महिला तथा वालवालिकाको पोषण, सुरक्षा सम्वन्धी कार्यक्रमलाई निरन्तरता दिईनेछ । **स्वस्थ नागरिक, सम्वृद्ध नगर** भन्ने मुल ध्येयका साथ जनताको जीवनसंग जोडिएको आधारभुत स्वास्थ्य सेवालाई भरपर्दो, जनमुखी र प्रभावकारी बनाईने छ । सवैका लागि स्वास्थ्य विमा कार्यक्रमलाई थप प्रभावकारी बनाईनेछ । **सुत्केरीलाई सेवा, भावी सन्ततिलाई टेवा**

भन्ने नाराका साथ वाल तथा मातृ स्वास्थ्य सेवालाई भरपर्दो र सुरक्षित बनाउन नगरपालिकाबाट थप रकमको व्यवस्था गरिनेछ ।

३३. नगरपालिका क्षेत्रमा आम नागरिकहरुको स्वास्थ्य सेवाको पहुँच स्थापना गर्न, स्वास्थ्य सेवाबाट नागरिकहरु सेवा वञ्चित नहुन र नगरपालिका क्षेत्रका नागरिकहरुको अकालमा मृत्यु नहोस भन्ने हेतुले **आकस्मिक स्वास्थ्य कोष**को स्थापना गरिनेछ ।

३४. आधारभूत र विशेषज्ञ स्वास्थ्य सेवाको गुणस्तरमा सुधार गरिनेछ । स्थानीय तहबाट आधारभूत स्वास्थ्य सेवा निःशुल्क उपलब्ध गराईनेछ । प्रदेश सरकारसंग समन्वय गरि विशेषज्ञ स्वास्थ्य सेवाका साथै रेफरल सेवा उपलब्ध गराईनेछ ।

३५. लैंगिक समानता, महिला सशक्तीकरण, महिला सहभागिता वृद्धि गर्ने खालका कार्यक्रमहरुमा जोड दिईनेछ । आमा र नवजात शिशुको सुरक्षाको लागि अस्पताल तथा स्वास्थ्य चौकीहरुमा गई सुत्केरी गराए वापत सुत्केरी महिलालाई प्रोत्साहन स्वरुप दिईने सुत्केरी भत्ता रकममा दोव्वर वृद्धि गरिनेछ ।

३६. मर्यादित स्वास्थ्य सेवा तथा सुरक्षित स्वास्थ्यकर्मीको लागि स्वास्थ्यकर्मी आचारसंहिता बनाई लागु गरिनेछ । सुरक्षित मातृत्व, प्रजनन तथा परिवार स्वास्थ्य सुधार, वाल स्वास्थ्य, पोषण लगायतका कार्यक्रम सञ्चालन गरिनेछ ।

३७. स्थानीय कला,साहित्य र संस्कृतिको विकास र संरक्षणको लागि परम्परागत पेशा, सीप र कला साहित्य र संस्कृतिको संरक्षण, सर्म्वद्धन विकासको लागि **नलगाड सांस्कृतिक महोत्सव** आयोजना गरिनेछ । पुरातात्विक, ऐतिहासिक, धार्मिक र परम्परागत रितिरिवाज मुल्य मान्यता भाषा एवं सांस्कृतिकहरुको पहिचान, संरक्षण र विकासमा जोड गरिनेछ ।

३८. समाजका राम्रा मूल्य र मान्यताहरुको संरक्षण गरिनेछ । बालविवाह, दाईजो, बोक्सी, जातीय भेदभाव, उत्पीडन तथा छुवाछुत एवं सामाजिक कुरीति उन्मुलन गरिनेछ । सबै जाति, बर्ग, लिङ्ग र समुदायलाई राष्ट्रिय मुलप्रवाहमा आवद्ध गराउन प्रयास गरिनेछ । लोपोन्मुख धर्म, भाषा र संस्कृतिको संरक्षण गरिनेछ । यस स्थानीय सरकारले धार्मिक आस्था, प्रथा वा प्रचलनका कारणले कसैलाई कुनै आघात वा मर्का पर्ने व्यवहार हुन दिनेछैन ।

३९. महिला, वालवाललिका, जेष्ठ नागरिक विरुद्ध हुने हिंशा तथा दुर्व्यवहार, वालनामुलक कार्यक्रमहरु वृहतश्रम, वालविवाह छुवाछुत, वोक्सी लगायत सवै प्रकारका कुरितिहरु अन्त्य गर्न चेत र रुपमा सञ्चालन गरिनेछ । सामाजिक कुरितीको रुपमा रहेका बोक्सी, वालविवाह र सडक बालवालिका मुक्त क्षेत्र घोषणा गरिनेछ ।

४०. महिला, आदिबासी जनजाति, दलित, गरिव, विपन्न वर्ग, अपांग र जेष्ठ नागरिक केन्द्रित कार्यक्रमहरु सञ्चालन गरिनेछ । जेष्ठ नागरिकलाई सम्मान तथा शसस्त्र द्धन्द्ध र जनआन्दोलनका अशक्त, अपांगहरुलाई सिपमुलक तालिम प्रदान गरि स्वआर्जन गर्ने क्षमताको विकास गरिनेछ । महिला, एकल महिला, जेष्ठ नागरिक, दलित, अल्पसंख्यक, जनजाति, अपांगता भएका व्यक्ति तथा नागरिकको श्रोत साधनमा र अवसरमा समानता कायम गर्ने नीति तथा रणनीति तयार गरि विशेप लक्षित कार्यक्रमहरु सञ्चालन गरिनेछ । महिला, दलित, अपांगता भएका व्यक्ति, जेष्ठ नागरिक, वालवालिकामैत्री नीति तथा कानुनहरु निर्माण गरिनेछ ।

४१. यस नगरपालिकाको खेलकुद क्षेत्रलाई व्यवस्थित गर्न नगरस्तरिय रंगशाला स्थापना गरिनेछ । खेलकुद क्षेत्रको विकास, विस्तारको लागि नगर स्तरिय खेलकुद विकास समिति गठन गरि युवा तथा खेलकुद विकास र प्रवर्धनका लागि क्रियाकलापहरु सञ्चालन गरिने छ ।

४२. सार्वजनिक प्रशासनको कार्यसंस्कृतिमा आमुल परिवर्तन गरी सुशासन कायम गरिनेछ । सार्वजनिक सेवा तथा सुविधा सहज, सरल र सुलभ ढंगबाट उपलब्ध गराईनेछ । नगरपालिकाको भवन निर्माण कार्यलाई जोड दिईनेछ । जवाफदेहिता विहिन स्थितिको अन्त्य गर्न आवश्यक नीतिगत, कानुनी र संस्थागत सुधार गरिनेछ । स्थानीय सरकारको तर्फबाट उपलब्ध गराउनुपर्ने सेवा, सुविधा, प्रविधि, सिप र ज्ञान जनताको घर आँगनमा पुग्ने व्यवस्था मिलाईनेछ ।

४३. यस नगरपालिकाको सार्वजनिक खरिद प्रणालीलाई प्रतिस्पर्धि, पारदर्शी र गुणस्तरिय बनाउदै लगिनेछ । सार्वजनिक सेवा प्रवाहलाई जनमुखी, जवाफदेही, प्रभावकारी, सरल तथा सहज बनाउन कार्यालय व्यवस्थापन र कर्मचारीको क्षमता अभिवृद्धि गर्न विभिन्न तालिम तथा गोष्ठीहरुको आयोजना गरिनेछ । साथै न्यायिक समितिको कार्य सम्पादनमा सहज बनाउन जोड दिईनेछ ।

४४. स्थानीय सरकारले कुनै पनि तहमा हुने कुनै पनि स्वरुपको भ्रष्टाचारलाई सहदैंन । भ्रष्टाचार गर्ने र गराउने दुवैलाई दण्डित गरिनेछ । जुनसुकै क्षेत्रमा हुने भ्रष्टाचारजन्य क्रियाकलापलाई नियन्त्रण गरि दोषीलाई कानुनी दायरामा ल्याईने । स्थानीय विकास र सार्वजनिक सेवालाई सुशासन मैत्री बनाउन उच्च पहल गरिने छ ।

४५. समग्र मानविय विकासलाई ठोस गन्तव्यमा पुर्‍याउन शिक्षा, स्वास्थ्य, खेलकुद, सामाजिक सुरक्षा लगायतका विषयहरु सहित दीगो तथा समावेशी विकासको कार्यदिशा सहितको समग्र नगर विकासको गुरुयोजना बनाई लागु गरिनेछ ।

४६. नागरिकको सुचना, सञ्चारको हकको प्रत्याभुति गर्न नगरमा अनलाईन मिडियाको प्रर्वद्धन गरिनेछ र एफ एम रेडियो स्थापना गर्न प्रोत्साहन गर्न आवश्यक समन्वय गरिनेछ । संचार क्षेत्रको

विकासलाई प्राथमिकतामा राखिनेछ र कानुन प्रतिकुल नहुने गरि जिल्लामा कानुनी हैसियत प्राप्त संचार माध्यमलाई सबै माध्यमबाट प्रोत्साहन गरिनेछ ।

४७. सुचना तथा सञ्चार प्रणालीसंग आवद्ध हुन नगरपालिकाको सवै वडा कार्यालयहरुमा सञ्चार तथा ईन्टरनेट सेवाको पहुँच स्थापना गरिनेछ । शिक्षा र स्वास्थ्य सेवा प्रवाहमा आधुनिक संचार प्रविधिको प्रयोग बढाईनेछ । विद्यालय, अस्पताल तथा स्वास्थ्य संस्थाहरुमा ईन्टरनेट सुविधा पुऱ्याईनेछ । सेवा प्रदायक सबै सरकारी निकायहरुलाई सूचना प्रविधि सञ्जालमा आबद्ध गरी प्रमुख नतिजा र निर्णयको परिक्षण गरिनेछ ।

४८. नगरका सम्पुर्ण काम कारवाही लोकतान्त्रिक पद्धति अनुरुप खुला र पारदर्शि बनाई नागरिक प्रति जिम्मेवार बनाउन नगरपालिकामा रहेको सार्वजनिक महत्वको सुचनामा नगरवासीको पहुचलाई सरल र सहज बनाउन र नगरपालिका र नागरिकको हितमा प्रतिकुल असर पार्ने संवेदनशिल सुचनाको संरक्षण गरिनेछ तथा नागरिकको सुसुचित हुने हकलाई संरक्षण गरिनेछ ।

४९. **"स्वच्छ सफा र सुन्दर शहर, नलगाडबासीको रहर"** भन्ने उद्घोषलाई यर्थातमा परिणत गर्न नगरपालिकाको सवै वडाको वस्ती टोलमा सरसफाई अभियान कार्यक्रम निरन्तर रुपमा सञ्चालन गरिनेछ ।

५०. अस्पताल, उद्योग, होटल तथा अन्य ठुला प्रतिष्ठानहरुबाट निस्कने फोहरमैलालाई सुरक्षित ढंगले व्यवस्थापन नगर्ने संचालकलाई कार्वाहीको दायरामा ल्याईनेछ । नदि, खोला, तालतलैया, नहर र सार्वजनिक स्थानमा फोहर विसर्जन गर्नेहरुलाई दन्डित गरिनेछ । फोहोरलाई विर्सजन गर्न फोहोरमैला व्यवस्थापन क्षेत्र निर्माण गरिनेछ ।

५१. नगरपालिकामा प्रत्येक वालवालिकालाई पहुँचयोग्य समान र गुणस्तरीय शिक्षाको लागि आवश्यक प्रवन्ध गरिनेछ । वाल विवाह, वाल श्रम, वालवालिका विरुद्धको अपराध, मानव वेचविखन विरुद्ध अभियान संचालन गरिनेछ । वालवालिकालाई जोखिम पुर्ण काममा नलगाउन जनचेतनामुलक कार्यक्रम संचालन गरिनेछ । वालमैत्री नगर घोषणा गर्न आवश्यक व्यवस्था गरिनेछ ।

५२. सामाजिक सुरक्षा पाउने तर पहुँचमा आउन नसकेका जेष्ठ नागरिकलाई विशेष कार्यक्रम संचालन गरि अनिवार्य रुपमा सुविधा लिन सक्ने वातावरण तयार गरिनेछ ।

५३. नगरपालिकाको कर प्रशासनमा व्यापक सुधार गरिनेछ । करको दायरा र दरहरु बढाईने छ । एकिकृत सम्पतीकर आर्थिक वर्ष २०७५।७६ बाट सुरु गरिनेछ । स्थानीय तहमा रहेका सम्पूर्ण सहकारी, सामाजिक संघसंस्था, व्यवशायी समुहहरु, फर्म, वित्तिय संस्थाहरुमा कर लगाईने छ । श्रोत परिचालनलाई दिगो भरपर्दो बनाई नगरपालिकालाई आत्मनिर्भर, समृद्ध, दिगो विकासयुक्त र सम्मुनत बनाईनेछ ।

५४. पर्यटन पूर्वाधार निर्माण, प्रचार प्रसार र पर्यटक अनुकूल सेवा सुविधाको विस्तार गरिनेछ । गुणस्तरीय पर्यटकको संख्या वृद्धि गर्ने नीति लिईनेछ । प्रचलित पर्यटकीय गन्तव्यको विकास र स्तरोन्नती गरी थप पर्यटकिय गन्तव्य पहिचान र विकास गरिनेछ । **नलगाड जलविहार पर्यटन वर्ष, २०७५** लाई निरन्तरता दिईनेछ । पर्यटन क्षेत्रका विकास विस्तार र सर्म्वद्धनमा जोड दिईनेछ ।

५५. यस नगरपालिकामा उद्यमशिलतालाई प्रवर्धन गर्न स्थानीय स्तरमा उपलब्ध स्रोत साधनको समूचित प्रयोग गरि घरेलु उद्योगहरुको विकास र स्थापनामा जोड दिईनेछ ।

५६. यस नगरपालिकाको सहरी विकास तथा भवन निर्माण प्रक्रियालाई व्यवस्थित तथा प्रभावकारी बनाउन भवन निर्माण संहिता बनाई कार्यान्वयन गरिनेछ ।

५७. यस नगरपालिकाको सार्वजनिक सेवा प्रवाहलाई प्रभावकारी बनाउन, जनताका समस्याहरु, गुनासाहरु सम्बोधन गर्न र विकास निर्माणको वास्तविक अवस्था पत्ता लगाउन **“जनतासँग नगर प्रमुख”** कार्यक्रम तर्जुमा गरी कार्यान्वयन गरिनेछ ।

५८. यस नगरपालिकामा कार्यक्षेत्र भएका विभिन्न सरकारी तथा गैरसरकारी संघसंस्थाहरु एकद्धार प्रणाली मार्फत नगरपालिका आई नगरपालिका र वडा कार्यालयको समन्वय तथा सहकार्यमा रही योजना तथा कार्यकम प्रस्तुत गर्नुपर्ने नीति अवलम्वन गरिनेछ । आफ्नो नीति तथा कार्यक्रममा रहि उत्कृष्ट कार्यसम्पादन गर्ने सरकारी तथा गैरसरकारी संघसंस्थाहरुलाई प्रोत्साहन तथा पुरस्कृत गरिनेछ ।

५९. स्थानीय स्तरका विवादहरुको समाधान गर्न स्थापित न्यायिक समिति मार्फत प्रभावकारी कार्यसम्पादन गर्न संस्थागत क्षमता विकास गरी जनभावना र स्थापित कानूनी मान्यता अनुसार ठोस कार्यविधिको निर्माण गर्दै सर्वसुलभ न्यायिक सेवा प्रवाह गर्न न्यायिक समितिको सुदृढिकरण गरिने छ ।

६०. अन्त्यमा राजनीतिक संक्रमण समाप्त गरी नेपालको संविधान कार्यान्वयनका माध्यमबाट नगरलाई सम्बृद्धिको यात्रा तर्फ अग्रसर गराउन योगदान पुऱ्याउने राजनीतिक दलहरुप्रति हार्दिक आभार प्रकट गर्दछु । नगरको समग्र आर्थिक-सामाजिक विकासमा आ-आफ्नो क्षेत्रबाट भूमिका निर्वाह गर्ने राष्ट्रसेवक कर्मचारी, सुरक्षाकर्मी, निजि तथा सहकारी क्षेत्र, नागरिक समाज, बुद्धिजीवी, संचार जगत तथा सम्पूर्ण नगरबासीहरुलाई धन्यबाद दिन चाहान्छु । साथै नगरको विकास प्रयासमा सहयोग पुऱ्याउने सरकारी तथा गैर सरकारी संघसंस्थाहरुलाई धन्यबाद दिन चाहान्छु ।

धन्यवाद